विकासका लागि संचार अभियान

# साझा न्यूज

The Sajha News Weekly Development Patrika

साप्ताहिक विकास पत्रिका

वर्ष १७ अंक ०१ आईतवार २०८३ साउन ०३ ( Sunday 19 Jul. 2026 ) पृष्ठ संख्या ६ मूल्य रू. १०/- नेपाल सरकारबाट क वर्गमा वर्गीकृत




## कृष्णनगर र सुठौली भन्सारबाट साढे ७ अर्बभन्दा बढी राजस्व






*साझा न्यूज/तौलिहवा(कपिलबस्तु)*

कपिलवस्तुको कृष्णनगर र सुठौली भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा संयुक्त रूपमा ७ अर्ब ५१ करोड ८७ लाख ९ हजार रुपैयाँ राजस्व संकलन गरेका छन्। दुवै भन्सार कार्यालयले निर्धारित लक्ष्यभन्दा बढी राजस्व उठाउँदै अघिल्लो आर्थिक वर्षको तुलनामा उल्लेखनीय वृद्धि हासिल गरेका हुन्।

**दुवै भन्सार कार्यालयले निर्धारित लक्ष्यभन्दा बढी राजस्व उठाउँदै अघिल्लो आर्थिक वर्षको तुलनामा उल्लेखनीय वृद्धि हासिल गरेका हुन् ।**

भन्सार कार्यालयहरूको प्रगति प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा कृष्णनगर र सुठौली भन्सारका लागि ६ अर्ब ९७ करोड ३७ लाख ४१ हजार रुपैयाँ राजस्व लक्ष्य निर्धारण गरिएको थियो । दुवै भन्सार कार्यालयले लक्ष्यभन्दा करिब ५४ करोड ४९ लाख ६८ हजार रुपैयाँ बढी राजस्व संकलन गरेका छन्।

कृष्णनगर भन्सार कार्यालयले ५ अर्ब ८६ करोड ८४ लाख ९८ हजार रुपैयाँ लक्ष्य पाएकोमा ५ अर्ब ९६ करोड ८० लाख ९ हजार रुपैयाँ राजस्व संकलन गर्दै लक्ष्यको १०१.१९ प्रतिशत उपलब्धि हासिल गरेको सूचना अधिकारी मयंककुमार कर्णले जानकारी दिए । अघिल्लो आर्थिक वर्षमा उक्त भन्सारले ५ अर्ब २३ करोड २० लाख २५ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

यस्तै, सुठौली भन्सार कार्यालयले १ अर्ब १० करोड ५२ लाख ४२ हजार रुपैयाँ लक्ष्य पाएकोमा १ अर्ब ५५ करोड ७ लाख रुपैयाँ राजस्व संकलन गरेको कार्यालय प्रमुख किरण विष्टले बताए। यो लक्ष्यको करिब १४०.३१ प्रतिशत हो । अघिल्लो आर्थिक वर्षमा सुठौली भन्सारले १ अर्ब ३ करोड ६५ लाख ५८ हजार रुपैयाँ राजस्व उठाएको थियो।

कृष्णनगर भन्सारमा गत आर्थिक वर्षको चैत र वैशाख महिनामा मात्र मासिक राजस्व लक्ष्य पूरा भएको थियो। चैतमा ४९ करोड ५९ लाख रुपैयाँ लक्ष्यविरुद्ध ५६ करोड ५ लाख रुपैयाँ तथा वैशाखमा ५० करोड ५२ लाख रुपैयाँ लक्ष्यविरुद्ध ५८ करोड १९ लाख रुपैयाँ राजस्व संकलन भएको थियो।

कृष्णनगर नाकाबाट मुख्य रूपमा सिमेन्ट उद्योगका लागि कोइला, खरानी, जिप्सम, लेटराइट आइरन ओर, स्टिल उद्योगका कच्चा पदार्थ, फलफूल, तरकारी तथा अन्य औद्योगिक सामग्री आयात हुने गरेको छ। नेपालबाट सिमेन्ट, प्लाइउड, क्लिंकर, जडीबुटी तथा हस्तकलाका सामग्री भारततर्फ निर्यात हुने गरेका छन्।

बाँकी ५ पेजमा.....

## सवारी कारबाहीबाट १ करोड ३३ लाख राजस्व संकलन



*साझा न्यूज/तौलिहवा(कपिलबस्तु)*

कपिलवस्तुमा गत आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने १० हजार ७३६ वटा सवारी साधन कारबाहीमा परेका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुले गरेको कार बाहीबाट १ करोड ३३ लाख ८४ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख तथा ट्राफिक प्रहरी निरीक्षक राजन ढकालले जानकारी दिए।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १३ हजार ३७५ वटा सवारी साधन कारबाहीमा पर्दा १ करोड ३७ लाख २१ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । त्यसको तुलनामा गत आर्थिक वर्ष कार बाहीमा पर्ने सवारीको संख्या र राजस्व दुवैमा केही कमी आएको देखिएको छ।

कार्यालयका अनुसार सबैभन्दा बढी ट्रक र ट्याङ्कर कारबाहीमा परेका छन्। यस अवधिमा ६ हजार ४४२ वटा ट्रक तथा ट्याङ्कर कारबाहीमा पर्दा ९० लाख ३ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

त्यस्तै, ७७९ वटा बस तथा मिनीबस कारबाहीबाट ४ लाख ३७ हजार ५०० रुपैयाँ, १ हजार ९ सय कार, जिप र भ्यानबाट २२ लाख ४० हजार रुपैयाँ, १२१ वटा ट्र्याक्टरबाट १ लाख ४ हजार ५०० रुपैयाँ, १ हजार ६४५ वटा मोटरसाइकलबाट १३ लाख ९८ हजार रुपैयाँ तथा २४९ वटा टेम्पो र अन्य सवारीबाट २ लाख १ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ।

प्रहरी निरीक्षक ढकालका अनुसार अधिकांश सवारी दुर्घटनाको प्रमुख कारण ट्राफिक नियमको उल्लङ्घन नै हो। ट्राफिक प्रहरीले चालक, सहचालक, विद्यार्थी, व्यवसायी तथा सर्वसाधारणलाई लक्षित गरी नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आए पनि

बाँकी ५ पेजमा.....

## कृत्रिम अभाव र कालोबजारी रोक्न प्रशासनको चेतावनी

*साझा न्यूज/तौलिहवा(कपिलबस्तु)*

जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले खाना पकाउने एल.पि.जी.ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्ने कार्य रोक्न ग्यास विक्रेता तथा व्यवसायीलाई कडा निर्देशन दिएको छ।

पछिल्लो समय जिल्लाभित्र एल.पि.जी. ग्यासको कृत्रिम अभाव सिर्जना गरी अनावश्यक मौज्दात गर्ने, लुकाइछिपाइ बिक्री गर्ने तथा सरकारले तोकेको मूल्यभन्दा बढी मूल्यमा बिक्री भइरहेको भन्ने जनगुनासो बढेपछि प्रशासनले सूचना जारी गर्दै व्यापारिक आचारसंहिता पालना गर्न आग्रह गरेको हो।

जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका सहायक प्रमुख जिल्ला अधिकारी भविश्वर घिमिरेले उपभोक्ताको हकहित संरक्षण तथा बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवसायीले तोकिएका मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने बताए।

उनका अनुसार प्रत्येक ग्यास डिलर तथा पसलले उपभोक्ताले स्पष्ट देख्ने स्थानमा आधिकारिक मूल्यसूची राख्नुपर्नेछ। साथै मौज्दात र बिक्रीको विवरण अद्यावधिक राखी उपलब्धताका आधारमा सबै उपभोक्तालाई बिना

बाँकी ५ पेजमा.....

## हार्दिक आभार

विकासका लागि संचार अभियानको मुख्य नारा बोक्दै सदरमुकाम तौलिहवा क्षेत्रबाट निरन्तर प्रकाशन शुरु गरेको **साझा न्यूज** पत्रिकाले १६ औं वर्ष पुरा गरी १७ औं वर्षमा प्रवेश गरेरको यस सुखद अवसरमा पत्रिकाका ग्राहक, विज्ञापन दाता, शुभेच्छुक, राजनैतिक दल, नागरिक समाज, संघ संस्था, कर्मचारी, सल्लाहकार तथा साझा न्यूजसंग सहकार्य गरिरहेका संचारकर्मीहरु प्रति हाल सम्म प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरिएको छ।

रमेश कुमार मिश्रा
प्रकाशक

एवम्

कमला सापकोटा
सम्पादक

साझा न्यूज पत्रिका परिवार
प्रधान कार्यलय तौलिहवा, कपिलबस्तु

## वनबाट बेवारिसे भरुवा बन्दुक बरामद

*साझा न्यूज/तौलिहवा(कपिलबस्तु)*

जिल्लाको विजयनगर गाउँपालिका १ स्थित गौतम बुद्ध सामुदायिक वनबाट प्रहरीले बेवारिसे अवस्थामा रहेको एकनाले भरुवा बन्दुक बरामद गरेको छ।



जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका अनुसार विजयनगर गाउँपालिका १ बनखेतस्थित गौतम बुद्ध सामुदायिक वन क्षेत्रमा बेवारिसे अवस्थामा भरुवा बन्दुक रहेको भन्ने सूचना स्थानीयवासीबाट प्राप्त भएपछि इलाका प्रहरी कार्यालय गणेशपुर बाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो।

प्रहरी टोलीले वन क्षेत्रमा खोजतलास गर्दा एकनाले भरुवा बन्दुक फेला पारी आवश्यक कानुनी प्रक्रिया पूरा गरी बरामद गरेको जनाएको छ । बरामद गरिएको बन्दुकलाई इलाका प्रहरी कार्यालय गणेशपुर मा सुरक्षित राखिएको छ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक रिपेन्द्र कुमार सिंहले स्थानीयवासीको सूचनाका आधारमा बेवारि से अवस्थामा रहेको भरुवा बन्दुक बरामद गरिएको बताउँदै यससँग सम्बन्धित व्यक्ति तथा बन्दुक त्यहाँ कसरी पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

त्यस्तै गुल्मीमा बेवारिसे अवस्थामा भरुवा पेस्तोल फेला परेको छ । जिल्लाको रेसुङ्गा नगरपालिका वडा नम्बर-१० स्थित देउराली-सिमिचौर सडक खण्डको झाडीमा बेवारिसे अवस्थामा एक थान घरेलु भरुवा पेस्तोल फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिनुभयो।

प्रहरी नायब उपरीक्षक (डिएसपी) विश्वकर्माका बुधबार साँझ करिब ६:३० बजेको समयमा उक्त सडक खण्डमा शंकास्पद वस्तु रहेको भन्ने विशेष सूचना प्राप्त भएको थियो। सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सुदिप नेपालीको कमाण्डमा तत्काल प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो । प्रहरी टोलीले उक्त स्थानमा पुगी सुरक्षित रूपमा चेकजाँच गर्दा झाडीभित्र राखिएको एउटा रातो फाइबरको झोला फेला पारेको थियो।

उक्त झोलामा हेर्दा पुरानो जस्तो देखिने बेवारिसे अवस्थामा घरेलु भरुवा पेस्तोल एक थान फेला पारिएको उहाँले जानकारी दिनुभयो । उक्त हतियार स्थानीय बासिन्दाहरूको रोहबरमा रितपूर्वक बरामद गरी आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीमा ल्याएर राखिएको छ।

विकासका लागि संचार अभियान
साझा न्यूज
विकासको संवाहक The Sajha News Weekly Development Patrika साप्ताहिक विकास पत्रिका

प्रकाशक : रमेश कुमार मिश्रा
सम्पादक:कमला सापकोटा, अतिथि सम्पादक: धर्मेन्द्र झा,
कार्यकारी सम्पादक: नारद कोहार
सह- सम्पादक: संजय मल्ल
सुमन सुस्केरा
समाचार संयोजक
कानुनी सल्लाहकार: अमित कुमार श्रीवास्तव
सल्लाहकार: नारायण पौडेल, रवि ठाकुर,
युवराज के.सी., बासुदेव जमरकट्टेल, संजय लम्साल,
अखिलेश कुमार अग्रहरी, अनिल कुमार कसौधन
प्रमुख संवाददाता: विनोद अधिकारी
संवाददाता: प्रदिप पौडेल, प्रकाश गैरे, अनेक पाण्डे, देवानन्द ठाकुर, मिना न्यौपाने,
विजय कुमार तेली, असलम खान, अभिनव गुप्ता, सुकई कोहार
मुख्य कार्यालय:
कपिलबस्तु नगरपालिका-३, जिल्ला प्रशासन चौक तौलिहवा
फोन नं./फ्याक्स ०७६-५६०५८५. ९८५१३४३६९०, ९८६७१५९५५८, ९८५७०५४६२१
शाखा कार्यालय:
गुल्मी-९८५७०५०१२३, अर्घाखाँची-९८६७५४९१६४, नेपालगञ्ज ९८४८०२०४९५
पाल्पा-९८४७०२८२३७, बुटवल-९८५७०३०१३२, नवलपरासी ९८५७०२३४८०, लुम्बिनी-९८४७५४९६५४
कम्प्यूटर सेटिङ : अर्जुन तिवारी
ई-मेल: news.sajha@gmail.com, वेबसाईड: www.esajhanews.com
मुद्रक:-सिद्धबाबा अफसेट प्रेस प्रा.लि. बुटवल

## सम्पादकीय

### साझा न्यूज निरन्तर १७ औं बर्षको यात्रामा

विभिन्न बाधा अवरोध पार गर्दै कपिलबस्तुको सदरमुकाम तौलिहवाबाट निरन्तर विगत १६ वर्ष देखि प्रकाशन सँगै १७ औं बर्षको यात्रा शुरुवात गरिएको छ। पत्रिकाले आफ्नो प्रकाशनलाई लुम्बिनी प्रदेशका जिल्लाहरुमा फैलाउदै प्रदेश स्तरीय साप्ताहिक पत्रिकाको रुपमा स्थापित गरेको हो। पत्रिकाले विकासका लागि संचार अभियानको नारा बोकी आफ्नो प्रशासन शुरु गरेको छ।

पत्रिका प्रकाशन, संचालन र व्यवस्थापन गर्नु आफैमा चुनौतीपूर्ण कार्य रहेको मानिन्छ। संचालन खर्च जुटाउन पनि त्यतिकै समस्या परेको पनि हुन्छ। तर पनि स्थानीय स्तरबाट माथि उठेको यो पत्रिकाले आम पाठकहरु माझ आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको सजिलै अनुमान गर्न सकिन्छ। यसका साथै विगत छ बर्ष देखि पत्रिकाको अनलाईन संस्करण ईसाझान्यूज डटकमबाट यसको प्रकाशनलाई संसार भर ईन्टर नेटको माध्यमबाट सजिलै हेर्न सकिने व्यवस्था पनि गरिएको छ।

यो पत्रिकालाई विगत एक दशकबाट सवै धर्म, वर्ग र समुदायको साझा पत्रिकाको रुपमा प्रकाशन गर्दै आईएको छ। गाउं गाउंका लुकेका तथा त्यहा रहेका ससाना खबरहरुलाई पनि प्राथमिकताका साथ प्रकाशन गरी समस्याको समाधानका लागि पत्रिकाले निरन्तर रुपमा प्रयास गर्दै आएको छ। साझा न्यूज पत्रिका मुलुकका ठुला साना सवै दल र नेताहरुको साझा आवाजको रुपमा वन्न सफल भएको छ। दुर दराजका समस्याहरुलाई स्थानीय सरकार र प्रदेश सरकार सम्म पुर्‍याउन हामी सदैव तल्लीन रहेका पनि छौं। पत्रकारिताको हाम्रो यो साझा यात्रामा कतै विचलन आउन नदिन, निष्पक्षता र तटस्थता माथि प्रश्नहरु उठ्न थाले हामीलाई आम पाठकहरुले खबरदारी गर्नु जरुरी छ।

पत्रिका प्रकाशनका शुरुवाती वर्षहरु देखि हाल सम्म पत्रिकालाई स्वतन्त्र, निष्पक्ष र दलीय स्वार्थ भन्दा माथि राख्ने प्रयास गरिदै आएको छ र सदैव अनन्त वर्षहरु सम्म गरिने छ। जिल्लामा थुप्रै पत्रिकाहरु दर्ता भए, प्रकाशन शुरु भए तर केही पत्रिकाहरु मात्रै निरन्तर प्रकाशनमा रहेका थुप्रै उदाहरणहरु रहेको पाइन्छ। हामी हाम्रो यो पत्रकारिताको कदमलाई सवैको साझा सहयोगबाट अघि बढाउन चाहन्छौं। यस साझा न्यूजको यो साझा पत्रकारिता अभियानमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनु भएका सवैमा हार्दिक आभार पनि प्रकट गर्दछौ। विगत १६ बर्ष देखि आम पाठक, विज्ञापनदाता, ग्राहक वर्ग लेखक तथा समस्त शुभेच्छुकहरुबाट पाएको यो माया, ममता तथा विश्वास र सहयोग निरन्तर मिल्ने छ भन्ने अपेक्षामा गरेका छौं।

# विरासतको भत्किंदो भित्तो



✍ भोजराज न्यौपाने

नेतृत्वका हिसाबले कांग्रेसमा अहिलेसम्मकै कमजोर नेताका रूपमा पूर्णबहादुर खड्काले आफूलाई उभ्याएका छन्।

कांग्रेसभित्र सर्वाधिक भारत परस्त नेताका रूपमा चिनिएका कृष्णप्रसाद सिटौला पार्टीभित्र सधैं गुट चलाउने ध्यानमा केन्द्रित देखिन्छन्। सिटौलाबाहेक मीनबहादुर विश्वकर्मा, मोहन बस्नेतको भूमिका पनि कांग्रेसलाई फुटाउने ध्यानमा केन्द्रित भएको देखिन्छ।

दुई वर्षअघि नेपाली चलचित्र 'पूर्णबहादुरको सारंगी'ले बक्स अफिसमा तहल्का मच्चायो। करिब १ करोड ३० लाखमा निर्माण गरिएको यो चलचित्रले सर्वाधिक व्यापार गर्ने नेपाली चलचित्रको रूपमा इतिहास त लेख्यो नै, नेपाली दर्शकको मन अभूतपूर्व रूपमा जित्यो।

करिब ७० करोडको व्यापार गरेको यो चलचित्रमा एक जना पात्र छन् पूर्णबहादुर। सन्तानको पढाइका लागि गीत गाउँदागाउँदै, खर्च जुटाउँदा जुटाउँदै जीवन अर्पण गर्ने एक सज्जन गन्धर्वको नाम हो, पूर्णबहादुर। यहाँ भने म अर्कै पूर्णबहादुरको कुरा गर्दैछु। उनी हुन् नेपाली कांग्रेसका पूर्व कार्यवाहक सभापति पूर्णबहादुर खड्का। नेपालको लोकतन्त्र स्थापनाका लागि राणाशासनको चक्रव्यूह तोडेर गठन भएको नेपाली कांग्रेसले यो पटक विशेष महाधिवेशन सम्पन्न गर्‍यो।

विधानमा लेखिएबमोजिम भएको महाधिवेशनका विरुद्ध तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशनलाई अमान्य ठहर गरियोस् भनेर निर्वाचन आयोगदेखि सर्वोच्च अदालतसम्म पुगे। न त निर्वाचन आयोगले खड्काको पक्षमा निर्णय दियो, न त सर्वोच्च अदालतले। विधानसम्मत गरिएको विशेष महाधिवेशनको पक्षमा दुवै निकायको फैसला आएपछि सबैभन्दा ठूलो 'झड्का' उनै खड्कालाई लागिर हेको छ।

आफूलाई सधैं किशुनजीका असल चेला बताउने खड्का यसअघि कार्यकर्तामाझ सरल नेताका रूपमा परि चित थिए। वर्षौंदेखि सत्ता र पार्टी दुवैमा शेरबहादुर देउवाको आशीर्वाद प्राप्त गरेका खड्का धेरैपटक मन्त्री बनिसकेका छन्। जेन-जीका नाममा भएको विद्रोहका बेला निर्घात हमलामा परेका कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले विश्वासपात्र खड्कालाई त्यतिबेलै कांग्रेसको कार्यवाहक सभापति बनाएका थिए।

देउवाले दिएको जिम्मेवारीलाई खड्काले न त सम्हाल्न सके न त कांग्रेसको महाधिवेशन गर्न चाहे। नेतृत्वका हिसाबले नेपाली कांग्रेसमा अहिलेसम्मकै कमजोर नेताका रूपमा पूर्णबहादुरले आफूलाई उभ्याएका छन्। पार्टी त विधानअनुसार चल्नैपर्छ। पूर्णबहादुरलाई न पार्टीको विधानको मतलब भयो न त राजनीतिक इमानको। उनमा देखिएको अलोकतान्त्रिक चरित्र यतिमा मात्र सीमित भएन, अझै बढेर गयो।

विशेष महाधिवेशनले निर्वाचित गरेको केन्द्रीय समितिलाई चुनौतीमात्र दिएनन्, उनले पार्टीको अनाधिकृत लेटर हेड प्रयोग गरेर जबरजस्ती आफूलाई कार्यवाहक सभापतिकै रूपमा पत्राचार गर्न थाले। उनको यो हर्कतको विषय कांग्रेसको बैठकमा उठ्यो। अनुशासन आयोगसम्म पुग्यो। तैपनि गगन थापाको नेतृत्वले उनलाई कारबाही गरिहाल्न चाहेन। त्यसको एउटै कारण हो पार्टीमा विग्रह नहोस् भनेर।

यतिबेला फेरि उनै खड्का कांग्रेसको राजनीतिमा चर्चामा छन्। उनको चर्चाको विषय हो, उनकै नेतृत्वमा खोलिएको चुनदेवीको कार्यालय। नेताहरूको आशीर्वादमा ठेक्कापट्टा पाउँदै आएका र पैसासँग टिकट साट्दै आएका पूर्णबहादुर तामाङ उर्फ कान्छार ामले चुनदेवीको कार्यालयको साँचो हस्तान्तरण गरेको सार्वजनिक भएसँगै पूर्णबहादुर खड्काले आफ्नो राजनीतिक चुरीफुरी सुरु गरेका छन्। उनको यो चुरीफुरीका पछाडि जीवनकालभरि सत्ताको स्वाद चाखेर बसेका कांग्रेसकै केही ढोंगीहरूले साथ दिएका छन्।

सधैं किशुनजीको अनुयायी बताउने खड्का यतिबेला कांग्रेसलाई कमजोर बनाउने भूमिकामा छन्। चुनदेवीको कार्यालय स्थापनाले खड्का सकेसम्म गगनलाई गलाएर आफ्नो गुटको 'फेस सेभ' गर्न चाहान्छन्। यदि त्यसो हुन नसके कांग्रेसलाई कमजोर बनाउन अर्को पार्टी बनाउने तयारीमा जुटेका छन्। कांग्रेसको विग्रहका लागि खड्काले जजसको साथ पाएका छन्। उनीहरू अधिकांश नेपाली कांग्रेसभित्रका 'नेपो बेबी'हरू हुन्।

पार्टीलाई आफ्ना पूर्वजको अंशको रूपमा बुझिरहेका केही नेपो बेबीहरू गगन थापा र विश्वप्रकाश शर्मालगायतका नेताहरूले सुरु गरेको नेपाली कांग्रेसको सुदृढीकरण अभियानको प्रखर विरोधीका रूपमा देखिएकै थिए। आफ्नो राजनीतिक क्षमताभन्दा गुटमा विश्वास गर्ने तिनै केही बुझ्रुक यतिबेला कांग्रेसलाई विग्रह गरेर गगनमाथि बदला लिन चाहान्छन्। तिनैमध्येका केही नेपो बेबीहरूको चर्चा गर्नु सान्दर्भिक हुनेछ।

१. प्रकाशमान सिंह : नेपाली कांग्रेसको इतिहासमा गणेशमान सिंहको जुन प्रतिष्ठित क्रान्तिकारी छवि छ, उनकै सुपुत्र प्रकाशमान सिंहको ठीक उल्टो छ। प्रकाशमानले पटकपटक मन्त्री, उपप्रधानमन्त्रीसमेत बन्ने मौका पाए। शेरबहादुर देउवाले कांग्रेस फुटाएर प्रजातान्त्रिक कांग्रेस बनाउँदा देउवासँगै पुगेका उनले पटकपटक मन्त्रीको जागिर खानेबाहेक कुनै नयाँ योजना सुरु गर्न सकेनन्।

आलोकनगरको चौतारो बनाएर नाम लेखाउनुबाहेक प्रकाशमानको कार्यकालको थप उपलब्धि कतै देखिएको छैन। विशेष महाधिवेशनको

बाँकी ४ पेजमा.....

# सुशासनको प्रतिबद्धताको परीक्षा



✍ सोमबहादुर थापा

बालेन्द्र (बालेन) शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार चार महिनामा प्रवेश गर्दै छ। सरकारका लागि यो राम्रो कामको आधार तयार गर्ने प्रारम्भिक समय हो। धेरै लोकतान्त्रिक मुलुकमा यस्तो अवधिलाई 'हनीमुन पिरियड' मानिन्छ। त्यस अवधिमा सरकारको आलोचना र विरोध अपेक्षाकृत कम हुन्छ। तर, बालेन सरकार भने सुरुदेखि नै समर्थनसँगै आलोचनाको केन्द्रमा पनि परेको छ।

सरकारले शासकीय सुधारलाई प्राथमिकतामा राख्दै अनियमितता, भ्रष्टाचार तथा सार्वजनिक साधन स्रोतको दुरुपयोगविरुद्ध कडा रूपमा अघि बढ्ने संकेत दिएको छ। यसले जनमानसमा देशमा केही परिवर्तन हुन सक्छ कि भन्ने आशा जगाएको देखिन्छ।

सुशासनप्रति सरकारको प्रतिबद्धतालाई देशभित्र र बाहिर पनि अपेक्षाकृत सकारात्मकरूपमा हेरिएको छ। तर, प्रधानमन्त्री शाहको सोच र कार्यगतिलाई केही मन्त्री तथा अधिकांश कर्मचारीसँग नमिलेको देखिन्छ। त्यसैले सरकारले अपेक्षित गति र परिणाम देखाउन नसकेको हुनुपर्छ।

शासकीय सुधारका नाममा सरकारले सुरुमै आठवटा अध्यादेश ल्याएर परिवर्तनको संकेत दिएको थियो। तर, तीमध्ये चारवटाले मात्र कानुनको रूप लिन सके। लोकतान्त्रिक शासन व्यवस्थामा अध्यादेश अस्वाभाविकै त होइन तर विधि निर्माणको मूल माध्यम संसद् नै हुनुपर्छ। अझ बोलाइसकेको संसद् स्थगित गरेर अध्यादेश ल्याउनु त झन् हुँदैन। अध्यादेश कहिलेकाहीँ बाध्यता हुन सक्छ तापनि त्यसलाई नियमित अभ्यास बनाइयो भने संसदीय प्रक्रियाको औचित्य नै खफबलिन सक्छ।

अनियमितता र भ्रष्टाचारविरुद्ध सरकारले थालेको अभियानलाई पुराना दलका केही नेताले प्रतिशोधको राजनीतिको आरोप लगाएका छन्। सरकारले भने भ्रष्टाचार नियन्त्रणलाई शासकीय सुधार, विकास र समृद्धिको आधार ठानेर अघि बढाउन खोजेको देखिन्छ। यद्यपि, प्रधानमन्त्री र उनको राजनीतिक नेतृत्व स्वयं भ्रष्टाचारबाट टाढा रहन सके भनेमात्र मन्त्री र प्रशासनिक नेतृत्वमाथि पनि त्यसको सकारात्मक दबाब पर्छ।

शासन प्रशासन दयामाया वा तजबिजमा नभएर विधि र नीतिका आधारमा सञ्चालन हुनुपर्छ। नेपालमा व्यक्तिगत प्रभाव, पहुँच र कृपाका आधारमा शासन सञ्चालन गर्ने प्रवृत्तिले नै बेथिति बढाएको हो।

संसद्बाट आर्थिक वर्ष २०८३/८४ को बजेट पारित भइसकेको छ। बजेटले रोजगारी, विकास, समृद्धि र सुशासनलाई प्राथमिकतामा राखेको दाबी गरिएको छ। सरकारले खुला अर्थतन्त्र, उदारीकरण तथा सार्वजनिक-निजी साझेदारीमार्फत विकास र रोजगारी बढाउने प्रतिबद्धता जनाएको छ भए पनि यी नीति र कार्यक्रम व्यवहारमा कति प्रभावकारीरूपमा कार्यान्वयन हुन्छन् भन्ने हेर्न बाँकी छ।

सरकारले सय दिनमा एक सय काम गर्ने प्रतिबद्धतासहित काम सुरु गर्नु सकारात्मक संकेत हो। ठूलो जनादेशसहित आएको सरकारका अगाडि गरिबी, बेरोजगारी, अशिक्षा, खस्कँदो जीवनस्तर, उत्पादन र उत्पादकत्वमा आएको गिरावट, बढ्दो निराशा, स्रोत साधनको अभाव, सेवा प्रवाहको सुस्ती, ऋण प्रवाहमा देखिएको असहजता तथा सार्वजनिक प्रशासनको कमजोरीजस्ता चुनौती उभिएका छन्। यी चुनौतीको सामना गर्न सरकार अझ दृढ र प्रभावकारीरूपमा प्रस्तुत हुनुपर्ने देखिन्छ।

बालेन नेतृत्वको सरकारको आलोचना मुख्यतः दुई विषयमा केन्द्रित छ, योजनाबिनै सुकुम्बासी बस्ती हटाइएको र संसद्मा प्रधानमन्त्रीको न्यून उपस्थिति। गुठी तथा सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेकाहरूलाई कुनै न कुनै बेला व्यवस्थापन गर्नैपर्ने अवस्था थियो। सरकारले कार्यकालको सुरुमै त्यसतर्फ कदम चाल्यो। तर, वास्तविक सुकुम्बासीको पहिचान र पुनर्स्थापनाको प्रक्रिया ढिलो हुँदा आलोचना हुनु स्वाभाविकै थियो।

सरकारले वास्तविक सुकुम्बासीलाई छानबिनपछि जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि त्यसको कार्यान्वयनमा भएको ढिलाइले सरकारको नियतमा प्रश्न उठेका छन्। यद्यपि, कुनै पनि सरकारको पहिलो दायित्व नागरिकलाई सीप र योग्यताअनुसार रोजगारीका अवसर सिर्जना गर्नु भएकाले जग्गा वा घर वितरणलाई दीर्घकालीन समाधानका रूपमा लिन सकिँदैन। सार्वजनिक वा गुठीको जग्गा बाँड्ने आश्वासनलाई राजनीतिक लाभको माध्यम बनाउने प्रवृत्तिले पनि यो समस्या जटिल बनेको थियो।

नेपाल संसदीय लोकतान्त्रिक शासन व्यवस्था अपनाएको मुलुक हो। थाइल्यान्ड, सिंगापुर, दक्षिण कोरिया, मलेसियाजस्ता देशले पनि संस्थागत सुधार, उत्पादन वृद्धि र रोजगारी विस्तार मार्फत विकासको गति समातेका छन्। बालेन सरकारको रणनीति पनि उत्पादन, रोजगारी र सुशासनलाई केन्द्रमा राखेर अघि बढ्नुपर्छ।

प्रधानमन्त्री बालेन शाहको संसद्मा न्यून उपस्थिति राम्रो सङ्केत होइन। कार्यकारी प्रमुख भएकाले सधैँ संसद्मा उपस्थित हुन सम्भव नहोला तर विशेष अवसर र प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरका बेला भने स्वयं उपस्थित भएर सरकारले समसामयिक विषयलाई कसरी सम्बोधन गरिरहेको छ भन्ने जानकारी दिनुपर्छ। शासकलाई जनताप्रति उत्तरदायी बनाउने संसदीय शासन व्यवस्थाको मूल मर्म पनि यही

बाँकी ४ पेजमा.....

# अघि बढाइएका वन संरक्षणका प्रयासलाई थप प्रभावकारी बनाउन जोड

साझा न्यूज /(तौलिहवा)कपिलबस्तु

वन संरक्षण, वैज्ञानिक व्यवस्थापन, अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी बनाउन कपिलबस्तुमा वन व्यवस्थापन सम्बन्धी अन्तरक्रिया तथा वन क्षेत्रको अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ। तिलौराकोट साझेदारी वन उपभोक्ता समूहको सहयोग तथा नेपाल पत्रकार महासङ्घ कपिलवस्तुको आयोजनामा भएको कार्यक्रममा वन क्षेत्रको संरक्षण, दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण तथा स्थानीय समुदायको सहभागितालाई सुदृढ बनाउने विषयमा व्यापक छलफल गरिएको थियो।



कार्यक्रममा डिभिजन वन कार्यालय कपिलवस्तुका वरिष्ठ वन अधिकृत दीपक केसीले वन व्यवस्थापन, अध्ययन, अनुसन्धान तथा अवलोकन कार्यक्रमको उद्देश्यबारे प्रस्तुतीकरण गर्दै वनको दिगो व्यवस्थापनका लागि वैज्ञानिक योजना, नियमित अनुगमन र स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको बताउनुभयो । वन क्षेत्रको संरक्षणसँगै प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोगमा पनि ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

वरिष्ठ वन अधिकृत मोतीराम पौडेलले वन व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै वनले वातावरणीय सन्तुलन, जैविक विविधता संरक्षण र स्थानीय समुदायको जीविकोपार्जनमा पुऱ्याएको योगदानबारे प्रकाश पार्नुभयो। वन संरक्षणलाई उत्पादन र समृद्धिसँग जोड्दै अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

तिलौराकोट साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष जयप्रकाश पाण्डेयले साझेदारी वन व्यवस्थापनको अवधारणाले वन संरक्षणमा सकारात्मक परिणाम दिएको बताउँदै वन उपभोक्ताको सक्रिय सहभागिताले वन सम्वर्द्धनमा उल्लेखनीय टेवा पुगेको धारणा राख्नुभयो।

नेपाल पत्रकार महासङ्घ कपिलवस्तुका अध्यक्ष डिलाराम भुसालले वन संरक्षण र वातावरणीय मुद्दालाई समाजसम्म प्रभावकारी रूपमा पुऱ्याउन सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । वन संरक्षणका असल अभ्यास, चुनौती र सम्भावनालाई तथ्यमा आधारित समाचारमार्फत जनस्तरसम्म पुऱ्याउने जिम्मेवारी पत्रकारहरूको रहेको उहाँले उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कपिलवस्तुका उपाध्यक्ष खगप्रसाद चापागाईले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने तिलौराकोट साझेदार ी वन उपभोक्ता समितिका कोषाध्यक्ष बलराम तिवारीलगायत वन उपभोक्ता, पत्रकार तथा वन कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो।

अन्तरक्रियापछि सहभागीहरूले वन क्षेत्रको स्थलगत अवलोकन गर्दै संरक्षण, व्यवस्थापन, जैविक विविधता तथा वन सम्वर्द्धनका अभ्यासबारे जानकारी लिएका थिए।

# प्रचारप्रसार नहुंदा ओझेलमा गौरीगाउं ताल

साझा न्यूज /दाङ

जिल्लाको तुलसीपुर उपमहानगर पालिका-१० मा अवस्थित गौरीगाउँ ताल पर्यटकीय दृष्टिकोणले आकर्षक भए पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। प्रचारप्रसार तथा भौतिक पूर्वाधारको अभाव हुँदा यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन नसकेको हो।



तुलसीपुर बजारबाट दक्षिणतर्फ नजिकैको दूरीमा रहेपनि उचित प्रचारप्रसार र प्रवर्द्धनको अभावले गर्दा यो स्थल ओझेलमा परेको स्थानीय बताउँछन्। करिब आठ बिघा क्षेत्रफलमा फैलिएको यो तालको आफ्नै ऐतिहासिक विशेषता छ। पहिले यहाँ सातवटा छुट्टाछुट्टै तालहरू थिए, जसलाई अहिले मिलाएर एउटै विशाल तालको स्वरूप दिइएको छ।

तालको बीच भागमा करिब रु एक करोडको लागतमा एउटा शिवमन्दिर निर्माण गरिएको छ। उक्त मन्दिरमा शिव, गणेश, सूर्य, देवी र विष्णु गरी पाँच वटा मूर्तिहरू स्थापना गरिएका छन्। आकर्षण तालको बीचमा रहेको मन्दिरसम्म पुग्नका लागि करिब ४५ मिटर लामो पुल निर्माण गरिएको स्थानीय रमेश बुढाथोकीले बताउनुभयो। वर्षायामको पानी सङ्कलन हुने यस तालमा वर्षैभरि पानी रहिरहने र यहाँ व्यावसायिक रूपमा माछापालनसमेत गर्ने गरिएको उहाँको भनाइ छ।

स्थानीय बुढाथोकीका अनुसार यो बाटो भएर हिँड्ने यात्रुले फाट्टफुट्ट तस्बिर खिच्ने गरे पनि तालकै अवलोकनका लागि आउनेको स~्या भने कम छ। सडक सञ्जालको सहज पहुँच र बजारबाट नजिकै रहेकाले यसताललाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन सकिने सम्भावना रहेको उहाँले बताउनुभयो। दुर्गम क्षेत्रका साना पोखरीहरू समेत पर्यटकीय केन्द्र बनिरहेको अवस्थामा, बजार नजिकैको यति ठूलो ताल भने उपेक्षित हुनु दुःखद रहेको स्थानीय बताउँछन्।

यो ताललाई व्यवस्थित गरी उचित प्रचारप्रसार गर्न सके दाङ जिल्लाकै एक प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने स्थानीय उत्तम चौधरीले बताउनुभयो। उक्त ताललाई पर्यटकीय गन्तव्य बनाउनेतर्फ पहल थालिएको तुलसीपुर उपमहानगरका प्रमुख टिकाराम खड्काले बताउनुभयो। उहाँले यहाँ थप भौतिक पूर्वाधार निर्माण गरी पर्यटकीय केन्द्रका रूपमा विकास गर्न योजनाबद्ध पहल थालिएको भन्दै सोही अनुरुप बजेटको व्यवस्था गरिने उहाँले जानकारी दिनुभयो।

# बाणगङ्गा नगरपालिकाका दुई वडा पोषण मैत्री घोषणा

साझा न्यूज /तौलिहवा(कपिलबस्तु)

जिल्लाको बाणगङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषण सुधार अभियानलाई प्रभावकारी बनाउँदै थप दुई वडालाई 'पोषण मैत्री वडा' घोषणा गरेको छ। वडा नं. ४ र वडा नं. ९ लाई आयोजित विशेष समारोहका बीच पोषण मैत्री वडा घोषणा गरिएसँगै नगरपालिकामा पोषण मैत्री वडाको संख्या पाँच पुगेको हो।

यसअघि वडा नं. २, ५ र ८ पोषण मैत्री वडा घोषणा भइसकेका थिए। थप दुई वडा घोषणा भएसँगै नगरपालिकाले पोषणमैत्री स्थानीय शासनको अवधारणालाई थप सुदृढ बनाएको जनाएको छ।

घोषणा कार्यक्रममा जिल्ला समन्वय समिति कपिलवस्तुका प्रमुख बाबुराम आचार्यले स्वस्थ, सक्षम र उत्पादनशील समाज निर्माणका लागि पोषणमैत्री अभियान प्रभावकारी माध्यम भएको बताउनुभयो। उहाँले स्थानीय तहले स्वास्थ्य, सरसफाइ, खाद्य सुरक्षा र पोषणलाई विकासको प्राथमिकतामा राखेर अघि बढेको भन्दै यस अभियानलाई निरन्तर विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। बाणगङ्गा नगरपालिकाका नगर प्रमुख चक्रपाणि अर्यालले नगरपालिकाले बालबालिका, किशोरी, गर्भवती तथा सुत्केरी महिलाको पोषण अवस्थालाई सुधार गर्न योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। उहाँले पोषणमैत्री वडा घोषणा केवल सम्मानको विषय नभई नागरिकप्रति स्थानीय सरकारको जिम्मेवारी र प्रतिबद्धताको प्रतिफल भएको उल्लेख गर्दै सबै वडालाई क्रमशः पोषणमैत्री घोषणा गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो।

स्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख गौरव ढकालले पोषणमैत्री वडा घोषणा कुनै औपचारिक प्रक्रिया मात्र नभई निश्चित सूचकहरू पूरा गरेपछि प्राप्त हुने उपलब्धि भएको बताउनुभयो। उहाँले पोषण सुधारका लागि स्थानीय सरकार, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायबीचको सहकार्यले सकारात्मक परिणाम दिन थालेको उल्लेख गर्दै कुपोषण न्यूनीकरणका लागि बहुपक्षीय समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि र स्थानीयवासीको सहभागिता रहेको थियो।

साझा छापाखाना अफसेट प्रेस
अस्पताल लाइन तौलिहवा, कपिलवस्तु
मो.नं. ९८४७०२३५१७
मो.नं. ९८४७३०३५८३
हाम्रा सेवाहरु:- किताब, ब्रोसर / भिजिटिङ्ग कार्ड / लेटर प्याड, खाम / बिल, भरपाई / पोस्टर, पम्पलेट / विवाह कार्ड, प्रमाण पत्र / प्रि इन्क तथा नाइलन छाप / तथा छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
कपिलबस्तु नगरपालिका ५ नं. वडा कार्यालय, कपिलबस्तु

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
यशोधरा गाँउपालिका २ नं. वडा कार्यालय, कपिलबस्तु

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
बुद्धभुमि नगरपालिकाको कार्यालय कपिलबस्तु

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
कपिलबस्तु नगरपालिकाको कार्यालय, कपिलबस्तु

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
शुद्धोधन गाँउपालिका ४ नं. वडा कार्यालय, कपिलबस्तु

सन्तुलित जनसंख्या: विकासको आधार
-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।
अनुरोधक
कृष्णनगर नगरपालिकाको कार्यालय कृष्णनगर, कपिलबस्तु

## विरासतको भत्किंदो ..............

विरुद्धमा खडा भएका प्रकाशमानले आफूले टिकट नपाएपछि आफ्नै पार्टीका उम्मेदवार प्रबल थापाको पक्षमा न त भोट माग्न गए, न त उनलाई शुभकामना दिए । आफ्ना निकट कार्यकर्तालाई घण्टीमा भोट हाल्न उक्साएको यथार्थ कतैबाट छिपेको छैन।

२. विमलेन्द्र निधि : कांग्रेसका प्रतिष्ठित नेता महेन्द्रनारायण निधिका सुपुत्र विमलेन्द्रले कांग्रेसबाट लिनुपर्ने सबै फाइदा लिइसकेका छन्। पार्टीको उपसभापति र सरकारमा उपप्रधान तथा गृहमन्त्री भइसकेका निधि यस पटकको निर्वाचनमा धनुषाबाट रास्वपाका मनिष झासँग पराजित भए । देउवाको विश्वासपात्रको छवि बनाएका निधि कांग्रेसको विशेष महाधिवेशका प्रखर विरोधी नेता हुन्। निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिएपछि गगनको नेतृत्वमा कांग्रेसको उम्मेदवार बने।

तर, जब निर्वाचनमा पराजित भए फेरि खड्कासँग मिलेर चुनदेवीमा चुरीफुरी गर्न लागेका छन्। राजनीतिक इमानदारी भएको भए कि त गगनको नेतृत्वमा भएको निर्वाचनमा भाग लिनु हुँदैनथ्यो, लिइसकेपछि पार्टीको मूलधार बाट पुन बाहिर जान हुँदैनथ्यो। जानकार हरूका अनुसार दोगला चरित्र नै विमलेन्द्रकोचरित्र बनिसकेको छ।

३.डा. प्रकाशशरण महत : कांग्रेसमा डा. प्रकाशशरण महतलाई नेता मान्नेको संख्या नगण्य छ । निर्वाचनबाट कहिल्यै विजयी बन्न नसकेका प्रकाशशरण दाजु डा. रामशरण महतको भाइ भएकै कारण यति धेरै 'प्रिभलेज' पाएको नेताहरू स्वीकार्छन्। न सांगठानिक ज्ञान न सरकार सञ्चालनमा अब्बल। डा. महत नेपाली कांग्रेस शेरबहादुर देउवाको किचन क्याबिनेटका एक पात्रबाहेक केही बन्न सकेनन्।

उनी ऊर्जामन्त्री भएका बेला दरबार मार्गमा एउटा छुट्टै सम्पर्क कार्यालय खोलेर लेनदेन गर्ने गरेको चर्चा पनि कांग्रेस वृत्तमा सेलाएको छैन। यति हुँदाहुँदै पनि यो पटकको आम निर्वाचनमा गगन थापा नेतृत्वले किन डा. महतलाई टिकट दियो ? कांग्रेस वृत्तमा यसको चर्चा हुने गरेको छ । चुनावमा अहिलेका सूचना तथा सञ्चारमन्त्री डा.विक्रम तिमिल्सिनाले डा. महतलाई पराजित गरेका थिए । टिकट लिएर, चुनाव लडेर पुन कांग्रेस विरुद्ध मोर्चाबन्दी गर्ने डा. महत कांग्रेसका अर्को 'नेपो बेबी' हुन्।

४. डा. शशांक कोइराला : नेपाली कांग्रेसको महामन्त्री भइसकेका शशांक पार्टीका संस्थापक नेता बीपी कोइरालाका सुपुत्र हुन्। उनी नेपाली कांग्रेसभित्रका 'नेपो बेबी' हुन्। आजसम्म सरकारमा सहभागी नभएका कोइराला वरिष्ठ नेत्ररोग विशेषज्ञ हुन्। पेसागत रूपमा अब्बल क्षमता भएका शशांक राजनीतिक रूपमा अत्यन्तै कमजोर छन्। उनलाई काखी च्यापेर पूर्णबहादुर खड्काले बीपीको राजनीतिक सिद्धान्तको पारिवारिक लिगेसी स्थापितगर्नमात्र खोजेका हुन्।

५. डा. शेखर कोइराला : लामो समय स्वास्थ र प्रशासनिक क्षेत्रमा बिताएका डा.शेखर यतिबेला चरम दोधारमा छन्। नेपाली कांग्रेसका नेता नोना कोइरालाका सुपुत्र डा. शेखर नेपाली कांग्रेसका अर्को 'नेपो बेबी' हुन्। उनको शैली हेर्दा नेपाली कांग्रेसलाई एक बनाएर अघि बढाउनेभन्दा कसरी दुवैतिर इन्गेज गराएर आफू बलियो बन्ने भन्ने ध्यानमा केन्द्रित भएको महसुस हुन्छ।

अघिल्लो महाधिवेशनमा पार्टी सभापतिको उम्मेदवार बनेका शेखरलाई तत्कालीन महामन्त्रीका उम्मेदवार रहेका गगन थापा विशेष महाधिवेशनबाट निर्वाचित सभापति बनेको कुरालाई अझै स्वीकार गर्न गाह्रो भइरहेको अनुभव गर्न सकिन्छ । डा. शेखरसँग न राजनीतिक पृष्ठभूमि छ, न सांगठानिक क्षमता । नेपाली राजनीतिमा उनको योगदान भनेको सिर्फ 'कोइराला' हुनु मात्र हो।

यी नाम बाहेक 'नेपो बेबी'को अर्को नाम हो सुजाता कोइराला। गिरिजाप्रसाद कोइरालाकी सुपुत्री सुजाता यतिबेला राजनीतिक परिदृश्यभन्दा अलि बाहिर देखिन्छिन्। यी बाहेक पनि केही पात्र छन्, जसले कांग्रेसलाई विग्रहको मुखमा लैजान खोजिरहेका छन्। तीमध्ये एक हुन्, कृष्णप्रसाद सिटौला।

कांग्रेसको महामन्त्री र सरकारमा गृह र उपप्रधानमन्त्रीसमेत भइसकेका कृष्णप्रसाद सिटौलाको चरित्र महद्वारा निर्माण गरिएको टेलिचलचित्र '१५ गते'का पात्र कृष्णप्रसादको जस्तै छ। सत्ताको स्वादमा सिटौला यसरी रमाए कि उनलाई सत्ताबाहेक केही थाहा भएन । माओवादीलाई शान्ति प्रक्रियामा सहभागी गराउन प्रयत्न गरेको जश लिने सिटौला आफैंमा धेरै शकुनीको भूमिकामा रमाइरहेका छन्।

यतिबेला कांग्रेसको मूल प्रवाहमा केही पूर्वपदाधिकारीलाई रोक्ने प्रमुख पात्र यिनै हुन्। कुनैबेला सिटौला र गगन एउटै टिम बनाएर पार्टीको चुनाव लडेका कारण पनि होला सिटौलालाई सबैभन्दा बढी 'नफरत' गगनसँगै देखिन्छ। कांग्रेसभित्र सर्वाधिक भारत परस्त नेताका रूपमा चिनिएका सिटौला पार्टीभित्र सधैं गुट चलाउने ध्यानमा केन्द्रित देखिन्छन् । सिटौलाबाहेक मीनबहादुर विश्वकर्मा, मोहन बस्नेतको भूमिका पनि कांग्रेसलाई फुटाउने ध्यानमा केन्द्रित भएको देखिन्छ।

# फरार हुने क्रममा कारको शृंखलाबद्ध ठक्कर



साझा न्यूज/तौलिहवा(कपिलबस्तु)

कपिलवस्तुको शिवराज नगर पालिका-३, चन्द्रौटामा साइकललाई ठक्कर दिएर फरार हुने क्रममा कारले अन्य दुईवटा अटो र एउटा मोटरसाइकललाई ठक्कर दिंदा १३ जना घाइते भएका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, कपिलवस्तुका प्रमुख प्रहरी निरीक्षक राजन ढकालका अनुसार बा १४ च ९००० नम्बरको कारले सशस्त्र प्रहरीको जाँचचौकी (चेकपोस्ट) अगाडि एक साइकललाई ठक्कर दिएपछि घटनास्थलबाट भाग्ने प्रयास गरेको थियो । सो कारले करिब ३०० मिटर अगाडि खसी बजार चोकमा पुगेपछि पुनः दुईवटा अटो र एउटा मोटरसाइकललाई ठक्कर दिएको हो।

दुर्घटनामा परी लु१ ह १९३ र रा१ ह ६६४३ नम्बरको अटोमा सवार तथा अन्य गरी १३ जना घाइते भएका छन् । घाइतेहरूको शिवराजस्थित सञ्जीवनी अस्पतालमा उपचार भइरहेको अस्पताल प्रशासनले जनाएको छ। घाइतेहरूको अवस्था र परिचय खुल्ने क्रम जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीले कार र चालकलाई नियन्त्रणमा लिएर घटना बारे थप अनुसन्धान अघि बढाएको छ।

## सुशासनको प्रतिबद्धताको ..............

हो। प्रधानमन्त्रीले कम्तीमा महिनामा दुई दिन संसद्मा उपस्थित भई प्रत्यक्ष जवाफ दिने परम्परा बसाल्न सके त्यसले संसदीय अभ्यासलाई अझ सुदृढ बनाउनेछ।

बेलायतमा सन् १९६१ मा प्रधानमन्त्री ह्यारोल्ड म्याकमिलनको कार्यकालदेखि प्रधानमन्त्रीले संसद् सदस्यका प्रश्नको प्रत्यक्ष जवाफ दिने अभ्यास संस्थागत भएको हो। भारत, अस्ट्रेलिया र क्यानडामा पनि यस्तै परम्परा छ। नेपालमा वि.सं. २०७३ सालमा सभामुख ओनसरी घर्तीको कार्यकालमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था सुरु गरियो । तर, विगतका प्रधानमन्त्रीहरूले यसलाई अपेक्षित गम्भीरताका साथ निरन्तरता दिन भने सकेको देखिएको थिएन। यो कार्यक्रम औपचारिकता वा हल्का टिप्पणी गर्ने थलो होइन । सरकारको जवाफदेही प्रदर्शन गर्ने प्रभावकारी माध्यम हो । त्यसैले प्रधानमन्त्री शाहले यसको महत्त्व बुझेर सक्रिय सहभागिता जनाउनुपर्छ। यो पनि शासकीय सुधारको एउटा महत्त्वपूर्ण आयाम हो।

प्रधानमन्त्री संसद्मा तयारीका साथ उपस्थित भई प्रत्यक्ष प्रश्नको जवाफ दिंदा सरकार र संसद् दुवैको गरिमा बढ्छ। यसले संसद् र कार्यपालिकाबीचको सम्बन्ध पनि सुदृढ बनाउँछ । त्यसैले पनि प्रधानमन्त्रीले संसद्का महत्त्वपूर्ण बैठकमा नियमित सहभागिता जनाउनु आवश्यक देखिन्छ।

प्रतिपक्षी दलहरूले पनि संसद्लाई अवरोध, नाराबाजी वा प्रदर्शनको स्थायी थलो बनाउनु हुँदैन । संघीय संसद्को मर्यादा र प्रतिष्ठा जोगाउने दायित्व प्रतिपक्षको पनि उत्तिकै हो। संविधानले व्यवस्था गरेका अवस्थाबाहेक सरकार वा संवैधानिक निकायमा साझेदारीको अपेक्षा गर्नु प्रतिपक्षको भूमिका होइन।

संसद्मा सरकारलाई प्रश्न गर्नु प्रतिपक्षको अधिकार र दायित्व हो । त्यस्ता प्रश्नको तथ्यपरक, तर्कसंगत र जिम्मेवार जवाफ दिनु सरकारको संवैधानिक तथा नैतिक कर्तव्य हो। तर, संसद्को गरिमा जोगाउने विषयमा सत्तापक्ष र प्रतिपक्ष दुवै पटक पटक चुकेका देखिए।

नेपाललगायत अधिकांश विकासोन्मुख मुलुकको साझा चुनौती भ्रष्टाचार, पदको दुरुपयोग तथा सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती हो । चीन र भारत पनि यसबाट पूर्णरूपमा मुक्त छैनन्। यस्ता अनुभवबाट नेपालले पनि सिक्न सक्छ।

सरकारले भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारका अभियानलाई निष्पक्ष, पारदर्शी र कानुनसम्मत ढंगले निरन्तर अघि बढाउन सके त्यसले सरकारप्रतिको जनविश्वास बलियो बनाउनेछ। सुशासन कुनै एक दिनमा हासिल हुँदैन।

यो त निरन्तरता, जवाफदेही र राजनीतिक इच्छाशक्तिबाट मात्र सम्भव हुन्छ। यही कारण, सरकारको भ्रष्टाचार विरुद्धको अभियान कुनै व्यक्तिविशेष वा दलविरुद्ध लक्षित नभई विधिको शासन संस्थागत गर्ने माध्यम बन्नुपर्छ। सरकारको सफलता भ्रष्टाचारविरुद्ध कतिजना पक्राउ परे भन्नेबाट नभएर विधिको शासन कति संस्थागत भयो भन्नेमा मापन हुनेछ।

# गत आवमा नेपालगन्ज भन्सारमा २० अर्ब राजस्व सङ्कलन

साझा न्यूज/बांके

नेपालगञ्ज भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा २० अर्ब ११ करोड ५५ लाख राजस्व सङ्कलन गरेको छ। भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जर्नादन पौडेलका अनुसार यो राजस्व अघिल्लो आवको तुलना गत आवमा १६ करोड ४५ लाख कम हो।




"राजस्व सङ्कलन अघिल्लो आवको तुलनामा गत आवमा केही घटेको छ, तर अपेक्षाभन्दा कम घटेको छ", उहाँले भन्नुभयो, "पेट्रोलियम पदार्थको आयातमा आएको कमी, भारतले चिनी निकासीमा लगाएको प्रतिबन्ध लगायतका कारणले राजस्व कम भएको हो ।" कार्यालयका अनुसार आव २०८१/८२ मा २० अर्ब २८ करोड ५१ लाख ८१ हजार राजस्व सङ्कलन भएकामा आव २०८०/८१ मा १८ अर्ब १५ करोड ७२ लाख ३३ हजार राजस्व सङ्कलन भएको थियो। नेपालगञ्ज भन्सार कार्यालयबाट इन्धन, ट्रेक्टर तथा ट्रिलर, पोलिथिन दाना, चामल, खाद्यान्न, फलाम लगायतका वस्तुको आयात बढी हुने गरेको छ । साथै, जडीबुटी लगायतका वस्तु तथा सामान निकासी हुने गरेको छ।




**सन्तुलित जनसंख्या: विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक : गैडहवा गाँउपालिकाको कार्यालय रुपन्देही

**सन्तुलित जनसंख्या: विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक : विजयनगर गाँउपालिका ७ नं. वडा कार्यालय, कपिलबस्तु

**सन्तुलित जनसंख्या: विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक : कपिलबस्तु नगरपालिका ८ नं. वडा कार्यालय, कपिलबस्तु

# सुस्ताको नदी व्यवस्थापनः असम्भव ठानिएको काम सम्भव

साझा न्यूज/नवलपरासी

जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय मात्र होइन, असम्भव ठानिएका काम पनि सम्भव हुन्छन् भन्ने उदाहरण पश्चिम नवलपरासीको सुस्तामा भइरहेको एकीकृत नदी व्यवस्थापन तथा बाढी नियन्त्रण कार्यले प्रस्तुत गरेको छ। भौगोलिक विकटता, बढ्दो प्राविधिक चुनौती र सीमित समयका बीच सुस्तामा सम्पन्न भइरहेको कामले राज्यका निकाय र कर्मचारी संयन्त्रप्रति नागरिकको भरोसा बढाएको छ।



सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, चितवनका कार्यालय प्रमुख डा.नारायणप्रसाद सुवेदीका अनुसार सङ्घीय सरकारको करिब १२ करोड रुपियाँ लागतमा सञ्चालन भइरहेको यो आयोजनाले सुस्ताको भूगोल र आवश्यकतालाई ध्यानमा राखेर विशेष प्रविधि प्रयोग गरेको छ। करिब एक किलोमिटर लम्बाइको यस आयोजनामा छोटो समयमै जटिल परिस्थितिका बाबजुद टोलीको अहोरात्र खटाइ र स्थानीय समन्वयका कारण कामले अपेक्षाभन्दा राम्रो गति लिएको उहाँले बताउनुभयो।

विगत १०-१५ वर्षदेखि यस क्षेत्रमा विभिन्न काम हुँदै आए पनि आयोजना प्रमुख डा. सुवेदीको जस्तो जनमुखी र जिम्मेवार कार्यशैली पहिलोपटक देखेको स्थानीय सुस्तावासी बताउँछन्। सुस्ताको समस्यालाई आफ्नै समस्या ठानेर नदी व्यवस्थापनका विषयमा विज्ञसमेत र हनुभएका डा. सुवेदीले महिनाको आधा समय यही क्षेत्रमा बिताएर आफ्नो ज्ञान र अनुभव सुस्ताको हितमा प्रयोग गर्नुभएको स्थानीयको भनाइ छ।

स्थानीय रवीन्द्र यादव भन्नुहुन्छ, “कर्मचारीहरूले निकै राम्रो काम गर्नुभएको छ। सुस्ताको मुहार नै फेरिएकोछ। आयोजना प्रमुखले पहिलो दिनदेखि नै यहाँ बसेर जसरी समस्या बुझ्नुभयो र काम गर्नुभयो, त्यसले दृढ इच्छाशक्ति भए परिवर्तन सम्भव छ भन्ने देखाएको छ। अब सुस्तामा बाढी आए पनि पहिलेको जस्तो ठूलो क्षति हुँदैन भन्ने विश्वास जागेको छ।”

त्यस्तै, अर्की स्थानीय लैला बेगमले पनि आयोजनाको कामको प्रशंसा गर्दै भन्नुभयो, “टोलीले दिनरात नभनी मेहनत गरेर काम गरेको छ। यसले हाम्रो मनको डर हटाएको छर अब ढुक्क भएर बस्ने वातावरण बनेको छ। देश र सरकारले चिन्नुपर्ने र हेर्नुपर्ने व्यक्ति आयोजना प्रमुख हुनुहुन्छ।”

यस कामलाई सफल बनाउन आयोजनाका इन्जिनियर बेलसहितको प्राविधिक टोली र कर्मचारीहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको छ। स्थानीय स्तरमै बसेर बिहानदेखि बेलुकासम्म १८ देखि २० घण्टासम्म साइटमै खटिएर टोलीले काम गरेको हो।

प्राविधिक रूपमा नदीको छ(सात मिटरभन्दा बढी गहिराइ र वर्षायाममा पानीको बहाव बढ्दा ढुङ्गासमेत बगाउने अवस्थाबिच टोलीले चुनौती सामना गरेको थियो। ६ मिटरभन्दा बढी गहिरो किनारमा तीन तहभन्दा बढीको आरसीसी पर कुपाइन, आरसीसी पोल, स्यान्ड ब्याग, जियो ब्याग र ग्याबियन रिभेटमेन्टको मिश्रण प्रयोग गरी करिब नौ मिटरसम्म गहिराइमा पुगेर काम गरिएको छ।

छोटो अवधिमा चौबीसै घण्टा खटिएर सुस्तामा भएकोयो कामले जिम्मेवारीपूर्वक काम गर्ने शैली र जवाफदेहिताको उदाहरण प्रस्तुत गरेको छ। इन्जिनियर बेलसहितको टोली र आयोजनाप्रमुख डा. नारायणप्रसाद

## सवारी कारबाहीबाट........

चालकको लापरबाहीका कारण दुर्घटना हुने, अकालमै ज्यान गुम्ने, घाइते हुने र अङ्गभङ्ग हुने घटनाहरू रोक्न चुनौती रहेको उनले बताए।

उनका अनुसार सवारी साधनको संख्या निरन्तर बढ्दै गए पनि सडक पूर्वाधार सोही अनुपातमा विस्तार हुन नसक्दा दुर्घटनाको जोखिम बढेको छ। ट्राफिक नियमको पालना नगर्नु, बिना सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सवारी चलाउनु, सहचालकलाई सवारी चलाउन दिनु तथा सडकको कमजोर अवस्था दुर्घटनाका प्रमुख कारण रहेको उनको भनाइ छ।

गत आर्थिक वर्षमा मादक पदार्थ सेवन गरी सवारी चलाएका ४६२ जना चालक कारबाहीमा परेका थिए। त्यस्तै लागुऔषध सेवन गरेका १५ जना चालक र एक जना सहचालकलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पठाइएको थियो।

यसैगरी, भारवाहन क्षमताभन्दा बढी तौल बोकेका १ हजार ८६९ वटा मालवाहक सवारी साधनलाई आवश्यक कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाइएको थियो। ती कारबाहीबाट १ करोड ८६ लाख ९० हजार रुपैयाँ राजस्व संकलन भएको ट्राफिक कार्यालयले जनाएको छ।

ट्राफिक सचेतना अभिवृद्धिका लागि गत आर्थिक वर्ष १ हजार ३३५ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो। ती कार्यक्रममार्फत ६८ हजार ३९७ जना विद्यार्थी, चालक, व्यवसायी, यात्रु तथा सर्वसाधारण प्रत्यक्ष रूपमा लाभान्वित भएको कार्यालयले जनाएकोछ।

# पर्यटन र स्वास्थ्यका लागि साइकल यात्रा आवश्यक

साझा न्यूज/अर्घाखांची

पर्यटन प्रवर्द्धनसँगै साइकलप्रति अभिरुचि बढाउने उद्देश्यले घोराही कोरा साइकल यात्रा २०२६ आयोजना गरिएको छ। प्राकृतिक, धार्मिक तथा पर्यटकीय सम्पदाको प्रवर्द्धनमा सहयोग पुऱ्याउने लक्ष्यका साथ दाङ साइकल सिटीको आयोजनामा शनिबार घोराही कोरा साइकल यात्रा भएको हो।



दाङ साइकल सिटीका अध्यक्ष ललित श्रेष्ठको अध्यक्षतामा भएको साइकल यात्राको शुभारम्भ गर्दै लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले पर्यटन क्षेत्रको प्रचार प्रसारमा साइकल यात्राले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो।

उहाँले साइकललाई वातावरणमैत्री यातायातका रूपमा प्रवर्द्धन गर्नुका साथै स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने बताउनुभयो। पर्यावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्ने तथा घोराहीका प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको प्रचारप्रसारमा साइकल यात्राले सहयोग पुग्ने उहाँको भनाइ थियो।

आन्तरिक पर्यटन र स्थानीय व्यवसाय प्रवर्द्धनका लागि साइकल संस्कृतिको विकासमा जोड दिनुपर्ने बताउँदै मन्त्री न्यौपानेले साइकल यात्राले पर्यटन क्षेत्रलाई थप चलायमान बनाउने उल्लेख गर्नुभयो। घोराही उपमहानगरपालिका-१५ स्थित ललित इन्टरप्राइजेजबाट सुरु भएको साइकल यात्रामा ५० भन्दा बढी साइकलयात्री सहभागी भएका थिए।

साइकलयात्रीले शहीद गेट, तुलसीपुर चोक, न्यूरोड, पुरानो बैंक रोड, गणेश मन्दिर, ट्राफिक चोक, अम्बिकेश्वरी मन्दिर, डबरी, चौघेरा मन्दिर, बर्गदी र पनौराहुँदै घोराही-५ स्थित धारापानीमा रहेको पाण्डवेश्वर महादेव मन्दिरसम्मको करिब ५० किलोमिटर दूरी पार गरेका थिए। यात्रा घोराहीस्थित होटल माला इनमा पुगेर समापन गरिएको थियो। दाङ साइकल सिटीले प्रत्येक वर्ष जुलाईको तेस्रो शनिबार घोराही कोरा साइकल यात्रा आयोजना गर्दै आएको छ।

## कृत्रिम अभाव र कालोबजारी ........

भेदभाव सहज रूपमा ग्यास उपलब्ध गराउनुपर्नेछ।

त्यसैगरी प्रत्येक ग्यास सिलिन्डर बिक्री गर्दा उपभोक्तालाई अनिवार्य रूपमा आधिकारिक बिल उपलब्ध गराउनुपर्ने व्यवस्था पनि गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, म्याद नाघेका वा असुरक्षित सिलिन्डर बिक्री गर्ने तथा कानुनविपरीतका अन्य कुनै गतिविधि गरेको पाइएमा सम्बन्धित व्यवसायीमाथि कडा कानुनी कारबाही गरिने चेतावनी दिए। उनले ‘कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२’ र ‘उपभोक्ता संरक्षण ऐन, २०७५’ बमोजिम दोषीमाथि कडा कारबाही गरिने स्पष्ट पार्दै सबै व्यवसायीलाई जिम्मेवार र पारदर्शी ढंगले कारोबार सञ्चालन गर्न तथा उपभोक्तालाई पनि कुनै अनियमितता देखिएमा सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरेका छन्।

## कृष्णनगर........

सुठौली भन्सार प्रमुख विष्टका अनुसार क्वारेन्टाइन सेवाको स्थापना, खाद्यान्न, फलफूल, तरकारी तथा औद्योगिक कच्चा पदार्थको आयातमा वृद्धि तथा गत आर्थिक वर्षदेखि सञ्चालनमा आएको धर्मकाँटा (वेब्रिज) ले राजस्व वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको हो।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सीमाक्षेत्रमा सुरक्षा निगरानी कडा बनाइएकाले चोरी-तस्करी नियन्त्रणमा सुधार आएको र त्यसको सकारात्मक प्रभाव राजस्व संकलनमा परेको बताए। उनका अनुसार भन्सार प्रशासन र सुरक्षा निकायबीचको प्रभावकारी समन्वयले राजस्व चुहावट नियन्त्रणमा समेत उल्लेखनीय सफलता दिलाएको छ।


**सन्तुलित जनसंख्याः विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक
यशोधरा गाँउपालिका ७ नं. वडा कार्यालय, कपिलबस्तु



**ग्राहक वर्गहरुमा अनुरोध**

उपरोक्त सम्बन्धमा सम्पूर्ण ग्राहक वर्ग उपभोक्त वर्गमा सुचित गरिन्छ कि यस संस्थानद्वारा घर घरमा वितरित पानी लाइनमा केही उपभोक्तहरुले सिधै मोटर जडान गरी पानी तान्ने गरेकोमा त्यस्तो नगरी दिनु हुन सूचित र अनुरोध गरीन्छ र त्यस्तो सिधै पाइपलाइनमा मोटर जडान गरी पानी तान्ने गरेको पाइएमा संस्थानको नियमानुसार धारा कट्टा वा जरिवाना गरी कारवाही अगाडी बडाउने व्याहोरा जानकारी गराइन्छ।

अनुरोधकः-
नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, तौलिहवा



**सन्तुलित जनसंख्याः विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक
लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यालय, रुपन्देही



**सन्तुलित जनसंख्याः विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक
सम्मरीमाई गाँउपालिकाको कार्यालय, रुपन्देही



**सन्तुलित जनसंख्याः विकासको आधार**

-जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर(किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

अनुरोधक
कोटहीमाई गाँउपालिकाको कार्यालय, रुपन्देही

प्रेस फोटो



मालपोत कार्यालय तौलिहवाको तामेली फाँटमा वर्षौंदेखि थन्किएका जीर्ण कागजात । उचित संरक्षणको अभावमा महत्वपूर्ण अभिलेख नष्ट हुने जोखिम बढ्दो ।
तस्बिरः साझा न्यूज । तौलिहवा

# सीप विकास तालिम प्राप्त उद्यमीसंग अन्तरक्रिया, उत्कृष्ट उद्यमी सम्मानित

साझा न्यूज/तौलिहवा(कपिलबस्तु)

घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुले विगतका आर्थिक वर्षहरूमा सीप विकास तालिम प्राप्त गरेका सहभागीहरूसँग अन्तरक्रिया तथा उत्कृष्ट उद्यमी सम्मान एवं प्रोत्साहन पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख बाबुराम आचार्यले सीपमूलक तालिमलाई उत्पादन र उद्यमसँग जोड्न सके मात्र रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढ हुने बताउनुभयो । उहाँले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै आत्मनिर्भर बन्न सहभागीहरूलाई आग्रह गर्दै स्थानीय उत्पादनको गुणस्तर र बजार विस्तारमा सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सीप, श्रम र उद्यमशीलताको संयोजनबाट स्वरोजगार र आर्थिक समृद्धिको आधार तयार हुने बताउनुभयो। उहाँले घरेलु तथा साना उद्योगमार्फत उत्पादन हुने वस्तुको ब्रान्डिङ, बजारीकरण तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा सरकारी निकायले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

वरिष्ठ उद्योग अधिकृत सन्तोष खनालले सीप विकास तालिमबाट दक्ष जनशक्ति उत्पादन भई उनीहरूले र ोजगारीका अवसर सिर्जना गर्दै आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो । आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै सहभागीहरूलाई जिल्लाभित्र मात्र सीमित नराखी देशभर आफ्नो व्यवसाय विस्तार तथा उत्पादनको ब्रान्डिङका लागि प्रोत्साहन गरिने उहाँले जानकारी दिनुभयो। कार्यक्रममा उत्कृष्ट उद्यमी सम्मान तथा प्रोत्साहन पुरस्कारबाट ओम पोल्ट्री फार्मका देवराज कामी, आरएन फेशन गार्मेन्टकी रिता कलवार, सिद्धार्थ वातावरणमैत्री कागज उद्योगकी सूर्यकुमारी शाही, बलिभद्र सिर्जनशील भैंसी फार्मका काशीराम भट्टराई, कुँवर पशुपति फार्मका बाबुराम कुँवर, डिजे गार्मेन्ट उद्योगका ढुडीराज बेलबासे, न्यू एकीकृत कृषि तथा पशुपन्छी फार्मका अब्दुल कलामी डफाली तथा लुम्बिनी अचार उत्पादन केन्द्रकी राधा सापकोटालाई सम्मानित गरिएको थियो।

कार्यक्रममा सहभागी उद्यमीहरूले तालिमले व्यवसाय सञ्चालनमा महत्वपूर्ण सहयोग पुगेको अनुभव सुनाउँदै उत्पादनको बजारीकरण, वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा थप सहयोग आवश्यक रहेको धारणा व्यक्त गरेका थिए । कार्यक्रममा जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी, तौलिहवा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गयादिन कुर्मी, घरेलु तथा साना उद्योग महासङ्घका सचिव रिता थापा तथा महासङ्घका लुम्बिनी प्रदेश सदस्य लक्ष्मी सारु मगर लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा वरिष्ठ अधिकृत मुहानन्द खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने उद्यम विकास अधिकृतले व्यवसायिक योजना सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । वरिष्ठ उद्योग अधिकृत सन्तोष खनालले कार्यालयबाट सञ्चालन भएका सीप विकास तथा उद्यमशीलता कार्यक्रमको प्रभाव, आगामी योजना तथा उद्यम प्रवर्द्धनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# नवप्रवर्तन साझेदारीका आठ स्थानीय तहका परियोजना स्वीकृत

साझा न्यूज/तौलिहवा(कपिलबस्तु)



लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत आठ स्थानीय तहका परियोजना स्वीकृत गरेको छ । प्रदेश सरकारले प्रत्येक परियोजनाका लागि २५ लाख रुपैयाँका दरले अनुदान उपलब्ध गराउने निर्णय गरेको हो।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बुधबार बसेको प्रदेश निर्देशक समितिको बैठकले प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ अनुसार उक्त निर्णय गरेको हो।

बैठकले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भएका कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा गर्दै आगामी आर्थिक वर्षका लागि स्थानीय तहबाट प्राप्त पूर्ण प्रस्तावहरूको मूल्याङ्कनपछि उत्कृष्ट आठ परियोजना छनोट गरेको जनाएको छ।

स्वीकृत परियोजनामा रोल्पाको सुनछहरी गाउँपालिकाको जुनेलीमा किसान व्यावसायिक कृषि परियोजना, गुल्मीको सत्यवती गाउँपालिकाको सूचना प्रविधि तथा उद्यमशील विद्यालय विकास कार्यक्रम, मुसिकोट नगरपालिकाको प्रत्येक वडाको पहिचान-एउटा उद्योग, पाल्पाको रम्भा गाउँपालिकाको सूचना प्रविधिमैत्री शिक्षा, रोल्पाको थवाङ गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यक्रम, अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको स्मार्ट शिक्षा परियोजना, नवलपरासीको सुस्ता गाउँपालिकाको प्रविधिमैत्री डिजिटल शिक्षा तथा बर्दियाको गेरुवा गाउँपालिकाको डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा परियोजना रहेका छन्।

प्रदेश सरकारले यस कार्यक्रमका लागि आर्थिक वर्ष २०८३/८४ मा दुई करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। सोही बजेटबाट स्वीकृत आठवटै स्थानीय तहलाई प्रतियोजना २५ लाख रुपैयाँ अनुदान उपलब्ध गराइनेछ। कार्यविधिअनुसार स्थानीय तहले व्यहोर्नुपर्ने न्यूनतम लागत सहभागिता भने यथावत रहनेछ।

बैठकले प्रदेश छनोट तथा सिफारिस समितिबाट सिफारिस गरिएका परियोजनामा कार्यान्वयनयोग्य गतिविधि समावेश गरी सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्न प्रदेश कार्यक्रम सहयोग इकाईलाई निर्देशन दिएको छ।

बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यले स्वीकृत परियोजनाहरू निर्धारित समयसीमाभित्र प्रभावकारी र नतिजामुखी ढंगले कार्यान्वयन गर्न निर्देशन दिए । उनले नवप्रवर्तन, सूचना प्रविधि, उद्यमशीलता तथा सेवा प्रवाह सुधारसँग सम्बन्धित कार्यक्रमलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै यस्ता परियोजनाले संघीय शासन प्रणालीलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई अझ सुदृढ बनाउँदै नागरिकलाई प्रविधिमैत्री, छरितो र गुणस्तरीय सेवा उपलब्ध गराउन सबै सम्बन्धित निकायले जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिए।

# झुट्टा मुद्दा फिर्ता लिन माग गर्दै ज्ञापन



साझा न्यूज/तौलिहवा(कपिलबस्तु)

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ३ का सांसद अभिषेक प्रताप शाह र कृष्णनगर नगरपालिकाका नगर प्रमुख र जत प्रताप शाह माथि लगाइएको मुद्दा फिर्ता लिन ज्ञापन पत्र बुझाइएको छ। क्षेत्र नं. ३ का सर्वसाधारण तथा समर्थकहरूले प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई ज्ञापन पत्र बुझाएका हुन्।

ज्ञापन पत्रमा कृष्णनगर नगर पालिका-२ स्थित भन्सार कार्यालय नजिक रहेको राघवेन्द्र कम्प्लेक्समा असार २८ गते भएको घटनाको वास्तविकता बुझ्न सांसद शाह र नगर प्रमुख शाहले पहल गरेको दाबी गरिएको छ । उक्त घटनालाई केही व्यक्तिले र ाजनीतिक प्रतिशोधको माध्यम बनाउँदै सांसद अभिषेक प्रताप शाह र नगर प्रमुख र जत प्रताप शाहविरुद्ध झुट्टा ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी दर्ता गराएको आरोप ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा घटनासँग सम्बन्धित सीताराम शर्मा (रितेश शर्मा) स्वयंले अदालत र जिल्ला प्रहरी कार्यालयमा दिएको बयानमा आफू डिप्रेसनको औषधि सेवन गरि रहेको उल्लेख गरेको भन्दै त्यसकै आधारमा काल्पनिक घटना देखाएर राजनीतिक स्वार्थपूर्तिका लागि मुद्दा अघि बढाइएको दाबी गरिएको छ।

ज्ञापन पत्रमार्फत सांसद र नगर प्रमुख माथि लगाइएको मुद्दा तत्काल फिर्ता लिन, निर्दोष व्यक्तिमाथि धरपकड नगर्न तथा निष्पक्ष अनुसन्धान गर्न प्रशासनसँग माग गरिएको छ।

माग सम्बोधन नभई मुद्दा फिर्ता नलिए वा धरपकडको प्रक्रिया अघि बढाइए शान्तिपूर्ण आन्दोलनमा उत्रिने चेतावनी पनि ज्ञापनपत्रमा दिइएको छ। आन्दोलनका क्रममा उत्पन्न हुन सक्ने परिस्थितिको जिम्मेवारी सम्बन्धित सुरक्षा निकायले लिनुपर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ।

सांसद र नगर प्रमुख विरुद्ध पक्राउ पुर्जी जारी भएको विरोधमा कृष्णनगर बजार बन्द गरिएको छ । सामान्य विवादको विषयलाई राजनीतिक प्रतिशोध साँध्ने उद्देश्यले सांसद र नगर प्रमुखलाई फसाउन खोजिएको भन्दै स्थानीयले बजार बन्दसँग यातायातका साधन पनि बन्द गराएका छन्।


बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौ

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसाग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डलुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

साझा छापाखाना अफसेट प्रेस
मो.नं. ९८४७०२३५१७
मो.नं. ९८४७३०३५८३
अस्पताल लाइन तौलिहवा, कपिलवस्तु
हाम्रा सेवाहरुः- किताब, ब्रोसर / पोस्टर, पम्पलेट / भिजिटिङ्ग कार्ड / विवाह कार्ड, प्रमाण पत्र / लेटर प्याड, खाम / प्रि इन्क तथा नाइलन छाप / बिल, भरपाई / तथा छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

जनहितका लागि जारी सन्देश
-पशु चौपायाहरु सडकमा जथाभावी नछोडौं।
- राजमार्ग क्षेत्रमा बिस्कुन,पराल जस्ता बस्तुहरु नसुकाउनुहोस्।
अनुरोधक :-
डिभिजन सडक कार्यालय
शिवपुर, कपिलबस्तु

जनहितका लागि जारी सन्देश
-पशु चौपायाहरु सडकमा जथाभावी नछोडौं।
- राजमार्ग क्षेत्रमा बिस्कुन,पराल जस्ता बस्तुहरु नसुकाउनुहोस्।
अनुरोधक :-
हुलाकी राजमार्ग योजना कार्यालय
गोरुसिंगे, कपिलबस्तु